# नेपालगञ्ज उप-महानगरपालिका ,नेपालगञ्ज ,बाँके

## दरभाउपत्र पेश गर्ने सम्बन्धी सार्वजनिक सुचना ।

प्रकाशित मिति: २०८१/०१/०१ गते ।

यस कार्यालयको चालु आ .व.२०८०/८१ को स्विकृत कार्यक्रम अनुसार नेपालगञ्ज उप-महानगरपालिका भित्रका सामुदायिक कुकुर वन्ध्याकरण कार्यक्रम संचालन गर्न ईच्छुक कानून बमोजिम दर्ता भएका फर्म वा पशु कल्याण कार्यमा संलग्न गैर सरकारी संस्थाहरूबाट तपशील बमोजिमको कागजात सहित १५ दिन भित्र नेपालगञ्ज उप-महानगरपालिकाको पशु सेवा शाखामा प्रस्ताव पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ।

| कार्यक्रम | संचालन गरिने क्रियाकलाप |
|---|---|
| सामुदायिक कुकुर वन्ध्याकरण शिविर कार्यक्रम | १. सामुदायिक कुकुर संकलन<br>२. बन्ध्याकरणका लागि औषधि तथा सामग्रीहरु,<br>३. भाले/पोथी कुकुरहरुको स्थायी वन्ध्याकरण<br>४. आन्तरिक तथा बाह्य परजिवी विरुद्धको सुई<br>५. रेविज विरुद्धको भ्याक्सिनेसन<br>६. सामुदायिक कुकुरहरुको पुनःसामाजिकिकरण |

तपशिल:-

१. दरभाउ पत्र पेश गर्ने संस्थाले अनिवार्य रुपमा पेश गर्ने कागजातहरुः प्रति कुकुर वन्ध्याकरण वापतको रकम खुलेको निवेदन, संस्था दर्ता प्रमाणपत्र , संस्था नविकरण प्रमाणपत्रको प्रतिलिपि , प्यान नम्वर वा मु. अ.कर दर्ता प्रमाणपत्र , आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्र ।

२. आफूले कबोल गरेको रकम अंक र अक्षर स्पष्ट बुझिने गरि लेखी पेश गर्न पर्नेछ । केरमेट गरेको दररेट मान्य हुने छैन ।

३. दररेट पेश गर्ने अन्तिम दिन सार्वजानिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन कार्यालय समय भित्र ।

४. सामुदायिक कुकुर बन्ध्याकरणका लागि कुकुर संकलन, आवश्यक औषधी, भ्याक्सिन, बन्ध्याकरणका लागि आवश्यक सामग्री, भाले/पोथी कुकुरहरुको स्थायी वन्ध्याकरण, आन्तरिक तथा बाह्य परजिवि विरुद्धको सुई, रेविज विरुद्धको भ्याक्सिनका साथै बन्ध्याकरण गरिएका सामुदायिक कुकुरहरुको पुनः सामाजिकिकरण लगायतका सम्पुर्ण व्यवस्था संस्था वा फर्म स्वंमले गर्नुपर्नेछ ।

५. सामुदायिक कुकुर वन्ध्याकरणका लागि दक्ष चिकित्सक, डग क्याचर, पशु प्राविधिकको विवरण अनिवार्य पेश गर्नुपर्नेछ ।

६. कार्यालयले भुक्तानी गर्दा सम्झौताको शर्तको अधिनमा रहि प्रति कुकुर बन्ध्याकरण वापतले हुनआउने जम्मा रकममा नियमानुसार कर लाग्ने भए सो कट्टा गरि भुक्तानी गरिनेछ ।

७. कार्यक्रम अवधि लगायत अन्य विषय सम्झौतामा तोके बमोजिम हुनेछ ।

थप जानकारीका लागि:

नेपालगञ्ज उप-महानगरपालिका पशु सेवा शाखा, नेपालगञ्ज ,बाँकेमा सम्पर्क गर्न सकिनेछ।

वा यस कार्यालयको वेवसाइट www.nepalgunjmun.gov.np मा हेर्न वा ९८४०४९३६४९ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

दिपेन्द्र श्रेष्ठ

अधिकृत